जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं. ११ बस्ने इनद्रकला आचार्य समेतका नाममा तपसिल बमोजिमको जग्गा दर्ता रही निज आफ्नो कालगतिबाट मिति :२०७६/१०/१८ मा प्रकाश आचार्यको मृत्यु भएकोमा इनद्रकला आचार्य र प्रविन आचार्यको नाममा नामसारी गरी पाउँ भनी चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ११ बस्ने इनद्रकला आचार्यसमेतको यस कार्यालयमा निवेदन परी मिति : २०७८/०९/०९ को आदेशानुसार यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यसमा निवेदकको माग बमोजिम गरी दिनु नपर्ने कुनै कारण भए वा निज भन्दा अन्य कोही नजिकको हकवाला भए सप्रमाण म्यादभित्र उपस्थित भई दावी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भै जानेछ। पछि कसैको उजुर बाजुर लाग्ने छैन।

**तपशिल**

| गा.वि.स./न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| भरतपुर गितानगर | २/क<br>२/क | १९४४<br>७२१ | ०-१-३१/४ | |

यसमा इनद्रकला आचार्य, प्रविन आचार्य र प्रकाश आचार्यको संयुक्त नाममा कायम रहेको उल्लेखित जग्गामा तीन जनामध्ये प्रकाश आचार्यको पनि मृत्यु भइसकेकोले निज मृतकको शेषपछि हकखाने कानूनी हकवाला निजको आमा इनद्रकला आचार्य र दाजु प्रविन आचार्य मात्र भएको निवेदन परी मिति : २०७८/०९/०९ को आदेशानुसार ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यसमा निवेदकको माग बमोजिम नामसारी गर्न दिनु नपर्ने कुनै कारण भए वा निजभन्दा अन्य कोही नजिकको हकवाला भए सप्रमाण म्यादभित्र उपस्थित भई दावी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भई जानेछ। पछि कसैको उजुर बाजुर लाग्ने छैन।

*इतिसम्बत् २०७८ साल पौष महिना ११ गते रोज १ मा शुभम् .............*

## जापानमा वैदेशिक रोजगारको अवसर

**JAPAN** मुलुकको **AMAGUN AICHI** शहर स्थित एक बहु प्रतिष्ठित कम्पनी **JBM Cooperative** बाट नेपाली कामदारहरूको माग भै आएकोले इच्छुक व्यक्तिहरूले सक्कल राहदानी, १२ प्रति पासपोर्ट साईजको सेतो पर्दा भएको फोटो तथा अनुभबका प्रमाणपत्र सहित तुरून्त सम्पर्क गर्नुहोला ।

पूर्व स्वीकृत मितिः २०७८/०९/१२ चलानी नं.: ६०१७१३५२ **LT. No.: 253347**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 3 | 0 | स. काममा दक्ष | 165707 | १७३,३४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पौष २० गते (4 Jan. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. ५०,०००/– कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको
उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : जम्मा रु ५०,०००।- मात्र
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोटः जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रूपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ । साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।**

**Bhandari Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ३४५/०५९/०६०
Shantinagar-31, Fourth Floor, Bhandari Tower, Kathmandu
पो.ब.नं. १९६४१, फोनः ४६२२३१५, ४६२०८५८
Email: info@bhandarioverseas.com.np, md@bhandarioverseas.com.np | Website: bhandarioverseas.com

## साउदीमा रोजगार | कम्पनी : AJAHEER INDUSTRIAL FACTORY शहरः ABHA

पुर्व स्वीकृत मितिः २०७८/०९/१२ चलानी नं.: ६०१७१३७७ **L.T. No.:254291**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 13 | 0 | स. काममा दक्ष | 1000 | ३१,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २० गते (4 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Lulu International Pvt. Ltd.**
Govt. Lic. No. 1035/072/073
Samakhushi-29, Kathmandu, Tel: 01-4387319, 4351637
Mob.: 9851083549, 9841301232, 9818065184

## UAE मा रोजगार | कम्पनीः OKOOL MANPOWER RECRUTIMENT SERVICES - SOLE PROPRIETORSHIP L.L.C. शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/०९/१२ चलानी नं.: ६०१७१३५३ **LT. No.:254837**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Helper/General Assistant | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष २० गते (4 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SUCCESS NEPAL HUMAN RESOURCE PVT. LTD.**
Sinamangal-09, Tara Hall Chowk, Kathmandu, Tel: 4110567, 9841769830, 9851126004
E-mail: info@succesnepalhr.con, successnepalhr@gmail.com, Web.: www.successnepalhr.com

## साउदीमा रोजगारको अवसर | कम्पनीः AI EHKKAS MODERN EST शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०९/१२ चलानी नं.: ६०१७१३३८ **LT. No.:254480**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Condition & Refigiration Technicain | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,२६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २० गते (4 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.**
ईजाजत नं. ९३४/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com

## साउदीमा रोजगार | कम्पनीः Khaled Faisal Khalaf Al-Mutairi Corporation for Operation and Maintenance शहरःRIYADH

पूर्व स्वीकृत मितिः २०७८/०९/१२ चलानी नं.: ६०१७१३५९ **LT. No.: 254487**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 30 | 0 | स. काममा दक्ष | 1000 | ३१,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ पुस २० गते (4 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Synnet International Pvt.ltd.**
Kupondol-10, Lalitpur, Tel: 01-5545018
Gov. Lic No. 206/057/058

## Qatar मा रोजगार | Bright Future International School

पूर्व स्वीकृत मितिः २०७८/०९/१२ चलानी नं.: ६०१७१३[illegible] **L.T. No.: 254875**

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | [illegible] | 1900 | ६०,७६८/- | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छ | | [illegible] |

**अन्तर्वार्ता २०७८ पुस २० गते (4 January 2022) यस प्रा.लि. को कार्यालय मित्रपार्कमा हुनेछ ।**

[illegible]

**Euro-Asia Employment Service Pvt. Ltd.**
Mitrapark-7, Chabahil, Kathmandu, Tel : 01-4494197

## QATAR मा रोजगारको अवसर | कम्पनीः Gulf Supplies & Commercial Services Co. WLL. शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०९/१२ चलानी नं.: ६०१७१३७० **L.T. No.: 254829**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1500 | ४९,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २० गते (4 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Destiny Human Resource Nepal Pvt. Ltd.**
DHR Gov. lic. No. 789/065/66
G.P.O. Box: 8975 EPC 5444, Tinkune, Kathmandu, Nepal
Tel.: 01-5104632, 01-5104634, E-maildestinydocumentation62@gmail.com

## UAE मा रोजगार | कम्पनी : SEVEN RIDERS DELIVERY SERVICES शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/२४ चलानी नं.: ६०१७००९९ **LT. No.: 253519**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motorcyclist | 20 | 0 | स. काममा दक्ष | 2000 | ६५,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पुस २० गते (4 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**M.B. Human Resource Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १५०४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 4016801, Fax : 4016804 | E-mail : admin@mbmanpower.com.np
Web.: www.mbmanpower.com.np | Mobile No 9851108159/9861034127/9849362405/9808840363/9851168891/9812649106

## साउदीमा रोजगार | कम्पनी :AL BATIN INTERNATIONAL GENERAL CONTRACTING EST. शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०६/०६ चलानी नं.: ६०१६३५७२ **LT. No.: 245858** पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan Road Machinery Driver | 5 | 0 | स. काममा दक्ष | 2200 | ७०,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष २० गते (4 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु.१०,०००/– कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**WORLD NET RECRUITMENT CONSULTANTS (P) LTD.**
Govt. Lic. No. 174/056/057
P.O Box No. 10666, Chandol-04, Kathmandu, Nepal, Tel.: 4429930 , 4437410
Fax: +977-1-4440978, Email: worldnetrecruitment@gmail.com

## UAE मा रोजगार | कम्पनी : CAPE EAST LIMITED LLC शहरः UAE

पुर्व स्वीकृत मितिः २०७८/०९/०५ चलानी नं.: ६०१७०८८५ **L.T. No.: 254305**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter Asst. | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painters | 36 | 0 | | 1200 | ३९,१२० | | | | | | | |
| 3. | Scaffolders | 115 | 0 | | 1200 | ३९,१२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पौष २० गते (4 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Gulf Manpower Services Pvt. Ltd.**
श्रम इजाजत नं. ०२३/०४८/०४९
Hattigauda, Kathmandu, Nepal, Tel: 01-4374395, 4379332, 4379333
Fax: 01-4435443, E-mail: gulf@mos.com.np, info@gulfmanpower.com.np
Website: www.gulfmanpower.com


**HOSPITALITY TRAINING**

Hilton Academy Pvt.Ltd.

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation

विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
जरिवको जानकारी गराउने

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishwarial Hospital Kathmandu
01-4951313 HP 9851195484

## सम्पादकीय

# निर्विकल्प प्रचण्ड !

नेकपा माओवादी केन्द्रको आठौं राष्ट्रिय महाधिवेशन राजधानीस्थित प्रज्ञा भवनमा जारी छ । प्राज्ञिक छलफल र अन्तरक्रिया गर्ने उद्देश्यले स्थापित भवनमा माओवादी केन्द्रले नेतृत्व चयन र नीति विमर्श गरिरहेको छ । कम्युनिष्ट नेता माओवादीको जन्मदिनको अवसर पारेर माओवादी केन्द्रको महाधिवेशन आइतबारदेखि चलिरहेको छ । सोमबार अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राजनीतिक–वैचारिक प्रतिवेदन पेश गरेका छन् । समाजवाद पुग्ने नेपाली कार्यक्रम सहित ल्याएको प्रचण्डको प्रतिवेदनमाथि मंगलबारबाट २५ समूह बनाएर छलफल हुनेछ । वैचारिक तथा राजनीतिक प्रतिवेदन पारित भएपछि माओवादी केन्द्र नेतृत्व चयनमा केन्द्रीत हुनेछ । तर अहिलेसम्मको अवस्था हेर्दा प्रचण्ड नै फेरि नेतृत्वमा दोहोरिने प्रष्ट संकेत मिल्छ । किनभने प्रचण्डलाई चुनौती दिने नेता देखिएका छैनन् ।

यसको अर्थ ३४ वर्षदेखि नेतृत्वमा रहेका प्रचण्ड नै फेरि पाँच वर्ष माओवादी केन्द्रका अध्यक्ष हुनेछन् । पहिले महासचिव रहेका प्रचण्ड २०५७ पछि अध्यक्ष भएका थिए । तर महासचिव हुँदा पनि प्रचण्ड नै पार्टीको प्रमुख थिए । प्रचण्डपथलाई पथप्रदर्शक मानेको माओवादीमा प्रचण्डमा पार्टीको सर्वाधिकार थियो । शान्ति प्रक्रियामा आएको १५ वर्षपछि पनि प्रचण्ड निविर्कल्प देखिएका छन् । भर्खरै सकिएको नेपाली काँग्रेसमा पनि शेरबहादुर देउवा फेरि नेतृत्वमा दोहोरिएका थिए । पाँच पटक प्रधानमन्त्री भइसकेका देउवाले भारी बहुमत सहित सभापति जितेका हुन् । काँग्रेस भन्दा अगाडि भएको नेकपा एमालेको महाधिवेशनबाट पनि केपी शर्मा ओली अध्यक्षमा दोहोरिएका थिए । अर्थात् प्रमुख तीन दलले लगातार महाधिवेशन गरेपनि नेतृत्वमा भने पुरानै नेता दोहोरिए ।

बाँकी दलहरूमा पनि पुरानै पुस्ताका नेता पार्टी प्रमुख छन् । बितेको २४ वर्षदेखि जनता समाजवादी पार्टीका अध्यक्षमा उपेन्द्र यादव छन् । लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर समकालीन राजनीतिमा सवैभन्दा जेठो छन् । २०७४ को निर्वाचनमा ठाकुरले जेष्ठ सांसदको हैसियतमा प्रतिनिधिसभा शुरू गरेका थिए । भर्खरै गठन भएको नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले नेकपा एमालेको १४ वर्ष नेतृत्व गरेका थिए भने प्रधानमन्त्री भइसकेका नेता हुन् । अर्थात् अहिलेका दलहरूमा नेतृत्व निर्विकल्प देखिएका छन् । यसले पार्टी नेतृत्व त बलियो होला, तर आन्तरिक लोकतन्त्र भने कमजोर रहेको प्रमाणित हुन्छ । आन्तरिक लोकतन्त्र कमजोर भएको दलहरूले मुलुकको लोकतान्त्रिक अभ्यास बलियो बनाउनेमा कमै विश्वास गर्न सकिन्छ । तर अहिलेको परिस्थिति भने हरेक दलमा निर्विकल्प नेतृत्व छन् ।



गोर्खबहादुर केसी (सन्देश) सानै उमेरदेखि राजनीतिक क्षेत्रमा सक्रिय छन् । रुकुम पश्चिमको आठबिसकोट नगरपालिकाको पहिलो निर्वाचित नगरप्रमुख केसी समृद्ध नगरको सपनालाई बोकेर स्थानीय तहको मैदानमा उत्रिएका थिए । आठबिसकोट नगरपालिकाबाट लोकप्रिय मतसहित निर्वाचित भएका केसीको कार्यकालमा के-कस्ता कार्यहरु सम्पन्न भए ? स्थानीय तहको निर्वाचन भएको झण्डै पाँच वर्ष बितिसक्दा स्थानीय सरकारले के-कस्ता कार्य गर्‍यो ? र, स्थानीय सरकारको प्रभावकारिता र अभ्यासमा देखिएका समस्याबारे नगरप्रमुख **गोर्खबहादुर केसी (सन्देश)**सँग मध्यान्ह दैनिकका **अर्जुन बिष्ट**ले गरेको कुराकानीको सम्पादित अंश :

# ‘स्थानीय सरकारले स्वास्थ्य क्षेत्रमा क्रान्ति नै गरेका छन्’

> पहिलोपटक निर्वाचित जनप्रतिनिधि भएका कारणले हामीले पहिलो चरणमा एउटा जग बसाउने काम गरेका छौं । अब काम गर्नका लागि त्यसले धेरै सहज गर्छ । पहिलो पटक निर्वाचित हुँदाको समयमा विभिन्न कठिनाइहरु माझ उत्रनुपरेको थियो ।

**पछिल्लो समय केमा व्यस्त हुनुहुन्छ ?**

नगरपालिकाको समग्र कामकाजमै व्यस्त छु । चालू आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु र बजेट पारित भैसकेकोले अहिले त्यसलाई विकास निर्माणको कार्यका लागि छलफलमै बढी खटिरहेको छु ।

**तपाईं निर्वाचित भएको पाँच वर्ष बित्नै लागेको छ, यो अवधीमा जनताले के पाए ?**

खासगरी नेपाललाई संघीय संरचनामा लगे पछिको स्थानीय तहको यो पहिलो चुनाव थियो । पहिलोपटक निर्वाचित जनप्रतिनिधि भएका कारणले हामीले पहिलो चरणमा एउटा जग बसाउने काम गरेका छौं । अब काम गर्नका लागि त्यसले धेरै सहज गर्छ । पहिलो पटक निर्वाचित हुँदाको समयमा विभिन्न कठिनाइहरु माझ उत्रनुपरेको थियो । यो झण्डै पाँच वर्षको समयमा हामीले ठुलो मेहनतले आज ती चुनौतीका चट्टान चिर्न सफल भएका छौँ । भौतिक, पुर्वाधार, स्वास्थ्य, शिक्षा, यातायात, सडक, सिचाई, खानेपानीलगायतका क्षेत्रमा उल्लेखनीय सुधार भएको छ । श्रममार्फत उत्पादनलाई पनि जोड दिएका छौँ । यी समग्र पाटोलाई हेरेर अब आठबिसकोट नगरपालिकालाई कसरी समृद्ध नगर तर्फ लैजाने भन्ने योजनामा छलफल गरिरहेका छौँ ।

**शिक्षा र स्वास्थ्यको क्षेत्रमा नगरपालिकाले कसरी काम गरिरहेको छ ?**

शिक्षाको क्षेत्रमा हामीले विद्यालय व्यवस्थापन समितिलाई तालिम दिने काम, विद्यार्थी, प्रधानाध्यापकहरुलाई भारतका विद्यालयमा रहेका विज्ञान प्रयोगशाला अवलोकन, भौतिक तथा गुणस्तर सुधारका काम गरेका छौँ । शिक्षकहरूलाई पनि विभिन्न विषयमा रहेर तालिम दिइरहेका छौँ । विगतमा हाम्रो शिक्षामा भएको समस्या यतै कतै छ । २०२८ सालसम्म शिक्षामा नागरिक पहूँच अति कम थियो, शिक्षाले सबै नागरिकलाई छोएन । पछि पहूँच विस्तार गरियो, स्रोत साधन विस्तार गरिएन । हाम्रो नगरपालिकामा पनि यहि अवस्था थियो । सुरुमा विद्यालय खोल्न सरकारले अनुमति दिए पनि कुनै पनि शिक्षक दरबन्दीको व्यवस्थापन थिएन । जनताले निजी स्रोतबाट शिक्षक व्यवस्थापन गरेका थिए । शिक्षकहरु तलब बिहिन थिए । त्यो अवस्थामा शिक्षा क्षेत्र नाजुक अवस्थामा पुगेको थियो । पहिलो चरणमा हामीले यी सबै समस्याहरु समाधान गर्न शिक्षा प्रणालीमा रहेको शैक्षिक अवस्था लाई गहिरो अध्ययन गर्यौं र जथाभावी खोलिएका निजी विद्यालयको व्यवस्थापन, भूगोलअनुसार विद्यालय गाभ्नेसँगै विद्यालय सुधारका लागि गुरुयोजनामार्फत शिक्षा क्षेत्रलाई सुधार गरेका छौँ । जसको फलस्वरूप पढाई केन्द्रीत विद्यालयहरुको नतिजामा सुधार हुँदै सुरुको वर्षमा ८ प्रतिशत मात्रै विद्यार्थी उत्तिर्ण हुने विद्यालयमा अहिले बढेर ५०/५५ प्रतिशत पुगेको छ । हाम्रो निरन्तर मेहनतले शिक्षामा



> हामीले चुनावका बेला गरेको बाचाअनुसार अहिले २५ वटा स्वास्थ्य संस्था र १२५ जना जनशक्ति रहेका छन् । निर्वाचित भएकै वर्षदेखि भूगोल र जनताको मागअनुसार हामीले आठबिसकोट नगरपालिकाको केन्द्रमा सुविधा सम्पन्न स्वास्थ्य संस्था र दक्ष जनशक्तिको परिचालन गरेका छौं ।

उल्लेखनीय सुधार भएको छ ।

अर्को कुरा, नेपालको त्यो एक नगरपालिका होला, जसले २०५ जना शिक्षकलाई नगरपालिका आफैले व्यवस्थापन गरेर काम गराइरहेको छ । त्यस्तै भैतिक संरचना सुरुको अवस्थामा ६३ विद्यालय मध्ये ९ वटा मात्रै पक्की भवन थिए । अहिले ३४ वटा पक्की भवन छन् र तत्कालै २१ वटा थप गर्दै छौँ । समग्रमा विद्यालयको संस्थागत विकास, प्रभावकारी नेतृत्व निर्माणसँग गाँसिएका विविध पक्षहरू लिएर अझैपनि शैक्षिक क्षेत्रलाई थप सुधार गर्ने प्रयत्नमा छौँ ।

अर्कोतर्फ, स्वास्थ्य सुरक्षा नै पहिलो प्राथमिकता हो । त्यसै अनुरुप हामीले काम गरिरहेको छौँ । स्वास्थ्य क्षेत्रमा आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूती र सबै वडामा सरकारी स्वास्थ्य संस्था स्थापना, स्वास्थ्यसम्बन्धी जनशक्ति स्वास्थ्य संस्थासम्म पुऱ्याउने, संविधानले प्रत्याभूत गरेका स्वास्थ्यसम्बन्धी हकहरुको कार्यन्वयन औषधी तथा उपकरण, मापदण्डअनुसारको भौतिक पूर्वधारसहितको गुणस्तरीय स्वास्थ्य सेवाको उपलब्धता र रोग नियन्त्रण तथा प्रकृति प्रकोप व्यवस्थापनलगायत सबै स्वास्थ्य क्षेत्रमा अनुगमन तथा योजना सुदृढीकरण कार्यक्रम अघि सारेका छौँ । स्वास्थ्य क्षेत्रमा यो साढे चार वर्षको अवधीमा हामीले एक किसिमको नयाँ क्रान्ति गरेका छौँ । स्वास्थ्य संस्था र जनशक्तिको कुरा गर्ने हो भने सुरुको चरणमा ५ वटा स्वास्थ्य संस्था र कार्यालय सहयोगसहित २१ जना स्वास्थ्यकर्मी थिए । यहाँ सबभन्दा बढी समस्या शिक्षा र स्वास्थ्य क्षेत्रमा नै थियो । हामीले चुनावका बेला जनतालाई बाचाअनुसार अहिले २५ वटा स्वास्थ्य संस्था र १२५ जना जनशक्ति रहेका छन् । निर्वाचित भएकै वर्षदेखि भूगोल र जनताको मागअनुसार हामीले पालिका केन्द्रमा सुविधा सम्पन्न स्वास्थ्य संस्था र दक्ष जनशक्तिको परिचालन गरेका छौँ ।

**तपाईंले योजनाहरू सञ्चालन गर्दा के-कस्ता चुनौतीको सामना गर्नपर्‍यो ?**

चुनौती समस्या मात्रै होइन एक अवसर पनि हो । संविधानले दिएको अधिकारलाई प्रयोग गर्ने कुरामा कयौं कानुनी समस्याहरु थिए । वडाहरु, नगरपालिकाको भर्खरै मात्र पुनसंरचना बन्दै थियो । भौतिक पुर्वाधार, कर्मचारी व्यवस्थापन, कानुनी अस्पष्टतालगायतका थुप्रै समस्याहरु हामी माझ थिए । ती समस्याहरुको बिच हामी जनता माझ गएका थियौं । चुनौतीको पहाडलाई एक अवसरका रुपमा लिएर जनअपेक्षाअनुसार हाम्रो प्रतिबद्धता पनि फलदायी नै रह्यो ।

**तपाईंको नगरपालिकामा विद्युत, सञ्चार र सडकको अवस्था कस्तो छ ?**

मान्छेका आधारभूत आवश्यकता तथा विकासका पुर्वाधारको उचित व्यवस्था हुनुपर्छ । हरेक वर्ष झैं विकासका निर्माणका कार्यहरुलाई निरन्तरता दिँदै विद्युतीकरणलाई पनि प्राथमिकतामा राखेका छौँ । नगरपालिकाको केन्द्रमा बत्ती थिएन । कार्यसम्पादन गर्न निकै अप्ठ्यारो भैरहेको थियो । स्थानीय उत्पादनका विद्युत भरोपर्दो नहुँदा निकै समस्या झेल्नुपर्‍यो । विद्युत प्राधिकरणसँगको सहकार्यमा अहिले बजारमा केन्द्रीय लाइनमार्फत बत्ती बलिरहेको छ । यहि कार्यकालभित्रमा सबै वडाहरुमा बत्ती बाल्ने लक्ष्य लिएका छौँ । केन्द्रीय प्रसारण लाइन पुगेको पछि अब सञ्चार क्षेत्रलाई पनि थप मर्मत गर्दैछौं । नेपाल टेलिकमको नेटवर्क आजसम्म सोलार बाट चल्दै आएको छ । त्यो त्यति भरपर्दो नहुँने हुँदा केन्द्रीय प्रसारणलाई पुगेसँगै हामीले फोर जि सेवा जडान गरेका छौँ । सडकको कुरा गर्नुहुन्छ भने, अहिले हामीसँग मोटामोटी ३ सय किलोमीटर सडक छ । नगरपालिकाको सबै वडाहरुमा सडक पुर्‍याउने योजना तिव्र रुपमा अघि सारेका छौँ । भौगोलिक रुपमा सबैभन्दा विकट १ नम्बर वडामा पनि हेलिकप्टरबाट डोजर ओसारेर सडक खन्ने तयारीमा छौँ । पहिले सदरमुकामसम्म पुग्नलाई दिनभर हिँड्नुपर्ने बाध्यता टरेको छ । हामीसँग मुख्य सडक चिसापानी राडिज्युला सडक पिच हुने प्रक्रियामा छ । र, मुसिकोट, नदुवा राडी सडकखण्डलाई विस्तारै विस्तार गर्ने योजनामा छौँ ।

**तपाईंको कामबाट नगरबासी खुशी छन् ? नगरबासीलाई स्थानीय सरकार सबैभन्दा नजिकको सरकार भएको महसुस हुन के-कस्ता काम गर्नुभयो ?**

स्थानीय सरकार भनेको जनताको सुख दुःखको साथी हो । स्थानीय सरकारले नै नागरिकलाई सरकारको अनूभुति दिलाउने हो । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारलाई धेरै अधिकार दिएको छ । सोहीअनुसार काम गर्ने हो भने हामीले नगरबासीलाई परिवर्तनको अनुभूति दिलाउन सक्छौं । त्यसमा स्थानीय बासिन्दाको साथ, सहयोग र सहकार्य अपरिहार्य हुन्छ । अहिले तपाईंले गाउँबस्तीमा बुझ्नुभयो भने, हामीलाई असमर्थन कसैले गर्दैन । मेरो र समग्र नगरपालिकाको काममा नगरबासी खुशी छन् । विकासमुखी होइन, काम गर्न सकेनलगायत कुराहरु आजसम्म सुनिएको छैन ।

स्थानीय सरकार सबैभन्दा नजिकको सरकार हो भनेर प्रमाणित गर्ने एउटा अवसर महामारीको रुप लिएको कोरोनाको संक्रमणकालीन अवस्थामा थाहा भयो । हामीले त्यतिबेला प्रत्यक्ष रुपमा जनताको स्वास्थ्यलाई ध्यानमा राखेर खटिएका थियौं । प्रदेश, संघ सरकारको सहयोग बिनै हामीले १० दिनमै कोरोना अस्पताल निर्माण गरेर ८० जनालाई उपचार दिएका थियौं । नगरपालिकामा हामीले धेरै काम गर्‍योभन्दा पनि नगरबासीले मुल्यांकन गर्ने कुरा हो । स्थानीय सरकार सधैं नगरबासीको साथमै रहेर काम गरिरहेको छ ।

**लोकप्रिय हुने नाममा जनप्रतिनिधिले एकल, वृद्धभत्तालगायतका भत्ता बढाउने गरेको पाइन्छ नि ?**

जनप्रतिनिधि जहिले पनि जनताको सेवक हो । सधैं सेवामुखी हुनुपर्छ । जनप्रतिनिधिको प्रमुख दायित्व भनेकै लोककल्याणकारी काम गर्नु हो । तर, अस्वभाविक ढंगले भत्ता बढाएर लोकप्रिय बन्न खोज्नु गलत काम हो ।

## सामाजिक सञ्जाल



**- बाबुलाल भण्डारी**

पटक–पटक बाँदरे प्रवृत्तिले शिक्षा क्षेत्र नराम्ररी गिजोलेर ध्वस्त बनाए । अब विद्यालय तहमा ३५ प्रतिशतभन्दा कम अंकको ग्रेडिङ्ग नगर्ने भन्दैछन् । जबसम्म उत्तीर्ण हुनका लागि सैद्धान्तिक पूर्णाङ्कमा छुट्टै उत्तीर्ण हुनैपर्ने व्यवस्था गरिँदैन तबसम्म स्तर कायम गर्ने गफ हावादारी नै हुन् !



**- पुरुषोत्तम ढुंगेल**

२५/३० वटाभन्दा बढी उधोग बेचेर खाए, मेलम्चीमा देश नै डुबाए, विद्युत महसुल खर्बौमा असुल्न बाँकी छ, जहाज किने पछि अर्बौ अर्ब भ्रष्टाचार, आयल निगम र बालुवाटार जग्गामा अर्बौको भ्रष्टाचार, हाल खर्बौ खर्ब बेरूजीको भ्रष्टचार । हाकाहाकी भ्रष्टाचारीहरूको हातमा विदेशी अनुदान । ऋणको भारी ।




**- कृष्ण घिमिरे**

प्रचण्डको नाटक–आत्मसमीक्षा भन्ने, सुध्रिने कुरा गर्ने दल र कार्यकर्तालाई छलछाम इमोशनल ब्ल्याकमेलिङ्ग गर्ने तर नसुध्रिने । यो प्रवृतिमाथि अधिवेशन प्रतिनिधिले सोंच्लान कि, स्तुति मात्र । विगतमा के भनियो, के गरियो, दलको ओरालो यात्रा, अबको बाटोबारे मन्थन नभए फगत फेरी अर्को नाटक ।



**- निर्मल प्रसाइँ**

अनकन्टार देश 'सेसेल्स'मा नेपाली कामदार पठाउनेबारे छलफल गरिरहेको छ सरकार ! नेताहरू भोट लिने बेला रोजगारी यहीँ दिन्छु भन्छन्, संविधानमा 'रोजगार' नैसर्गिक हक हो भनिएको छ । घोषणापत्र शत प्रतिशत कार्यान्वयन नगर्ने दललाई जालसाजी तथा ठगी मुद्दा दायर हुने कानुन अत्यन्त जरूरी छ । साह्रै भुक्याए !




**- दुर्गा थापा**

धर्म व्यक्तिगत स्वतन्त्रताको विषय हो । कसले कुन धर्म मान्छ, चासो लिनु पर्दैन । आफुले कुन धर्म मान्ने चासो त्यतिमै राखे पुग्छ । आफुले मान्ने धर्म राज्यको धर्म बनाउछु भन्नु धार्मीक आतंक हो । विदेशी स्वार्थको निम्ती नेपालको अस्तित्व हिन्दुस्तान राष्ट्रमा बिलय गराउन खोज्नु राष्ट्रघात हो ।

## विदेश

# अमेरिका–रुस द्वन्द्व र भारत



● केएस तोमर

> ठूला देशहरु बीचको झगडामा भारत भने बेग्लै अप्ठ्यारो अवस्थामा फसेको छ, किनकि एकातर्फ अमेरिकातर्फको झुकावले रुसलाई बेखुसी बनाएको छ भने अर्कोतर्फ रुससँग नजिकिँदा अमेरिका नाराज छ । अमेरिकासँग ५ अर्ब डलरको क्षेप्यास्त्र सम्झौता गर्नुको सट्टा प्रधानमन्त्री नरेन्द्र मोदीले हालैको भारत भ्रमणका क्रममा पुटिनसँग एक दर्जन सम्झौता गरेका थिए ।

वास्तवमा सन् २०१४ मा रुसले क्रिमियालाई गाभेपछि अमेरिकाले मस्कोमाथि प्रतिबन्ध लगाएको थियो । यदि अब रसियाले युक्रेनमाथि आक्रमण गर्छ भने, युरोपेली संघ र अमेरिकाबाट नयाँ प्रतिबन्धहरूको सामना गर्नुपर्ने हुन्छ । यद्यपि यस अवस्थामा उनीहरूले एकतर्फी प्रतिबन्धहरू लगाउनुको सट्टा कूटनीतिक पहलबाट समस्या समाधान गर्न चाहन्छन् । सोभियत गणतन्त्रको पतनपछि अमेरिकाले रुसमाथि आफ्नो मनमानी थोपर्ने प्रयास गर्‍यो, किनभने रुस कमजोर थियो र अधिकांश युरोपेली देशहरू अमेरिकाको निगाहामा उभिएका थिए । तर आज रुसले आफ्नो कमजोरी मात्र पार गरेको छैन, नयाँ शक्ति केन्द्रको रुपमा उभिएको छ र नयाँ विश्व समीकरणमा अमेरिकाको घोषित शत्रु चीनको सहयोगमा त्यो महाशक्ति राष्ट्रलाई चुनौती दिइरहेको छ ।

ठूला देशहरू बीचको यो झगडामा भारत भने बेग्लै अप्ठ्यारो अवस्थामा फसेको छ, किनकी एकातर्फ अमेरिकातर्फको झुकावले रुसलाई बेखुसी बनाएको छ भने अर्कोतर्फ रुससँग नजिकिँदा अमेरिका नाराज छ । अमेरिकासँग ५ अर्ब डलरको क्षेप्यास्त्र सम्झौता गर्नुको सट्टा प्रधानमन्त्री नरेन्द्र मोदीले हालैको भारत भ्रमणका क्रममा पुटिनसँग एक दर्जन सम्झौता गरेका थिए । त्यसको नतिजा पनि तत्कालै देखिएको छ । जब रुस तालिबान विरोधी मुद्दामा भारतको साथमा उभिएको थियो, बाइडेन प्रशासनले पाकिस्तानको पक्ष लिएर तालिवानसँगको दोहा बैठकमा भारतलाई एक्लो पारेको थियो ।

तर, रुसको आन्तरिक अवस्था अहिलेसम्म पनि त्यति राम्रो छैन । रुसी नागरिकहरूले राम्रो जीवनस्तर पाउन सकेका छैनन् । सरकारले पनि जनताको राम्रो जीवनस्तर जिउन खोज्ने मागलाई सम्बोधन गर्न सकेको छैन । आम जनताको अपेक्षा पूरा हुन नसकेमा पुटिनलाई सत्तामा रहन गाह्रो हुन सक्छ । पुटिन आफ्नो सत्ता जोगाउनकै निम्ति यति धेरै सशंकित भएका छन् किन उनले आन्तरिक र बाह्य दुवै खतराहरूबाट जोगिन नागरिकहरूको स्वतन्त्रतामै प्रतिबन्ध लगाएका छन् । विगत दुई दशकमा रुसमा आएको सबैभन्दा ठूलो परिवर्तन भनेको पुटिनको नेतृत्वमा हुर्केका युवा पुस्तालाई खुला प्रवचनको अर्थ थाहा छैन, न प्रजातन्त्रको अर्थ थाहा छ ।

कोभिड-१९ को महामारीले रुसी अर्थतन्त्रमा पनि ठूलो क्षति पुऱ्याएको छ । यद्यपी, महामारीको समयमा रूसको प्रदर्शन केही विकसित देशहरूको तुलनामा राम्रो रहेको छ । तथापी व्यापक संक्रमण र कम खोपले त्यहाँ गम्भीर संकट सिर्जना गरेको छ, जसले समाजमा पुटिन विरोधी जनमत जगाउन सक्छ ।

पुटिनले अर्थतन्त्रलाई सही बाटोमा फर्काउन असाधारण कामहरू गर्नुपर्नेछ । त्यसभन्दा पनि बढी, जब विश्व बैंकले रुसको आर्थिक वृद्धिदर सन् २०२० मा तीन प्रतिशतले सुस्त भएको उल्लेख गरेको छ, जुन त्यस वर्षको विश्वव्यापी वृद्धिको औसत ३.८ प्रतिशत र विकसित अर्थतन्त्रहरूको ५.४ प्रतिशत थियो ।

विश्व बैंकको अनुमानअनुसार सन् २०२१ मा रुसको आर्थिक वृद्धिदर ४ दशमलव ३ प्रतिशतमा पुग्नेछ तर, आगामी दुई वर्षमा यो दर क्रमशः २.८ प्रतिशत र १.८ प्रतिशतले घट्न सक्नेछ । विश्व बैंकको अनुमान छ कि विश्वव्यापी अर्थतन्त्रमा देखिएको निरन्तर सुधार, कच्चा तेलको मूल्यमा बृद्धि र कोभिड महामारी सामान्यकृत बन्दै जाँदा रूसको घरेलु समस्याहरु भने बढ्दै जानेछ । यदि घरेलु समस्यालाई समाधान गर्न नसके २०२४ मा हुने निर्वाचनबाट पुटिन बाहिरिन पनि सक्छन् । स्थिति पुटिनको पक्षमा रह्यो भने, उनी आफ्नो उमेर र विपक्षी नेता नाभाल्नीको थुनामा रहेका कारण २०३६ सम्म सत्तामा रहन सक्छन् ।

तेल र ग्यासको निर्यातकर्ता भएकाले रुस युरोप र एसियामा एक प्रमुख शक्ति हो । यद्यपि, २०१४ देखि कच्चा तेलको मूल्यमा तीव्र गिरावट आएसँगै पुटिनले ऊर्जा निर्यातमा मात्र नभई आर्थिक क्षेत्रमा रूसको विस्तार र विविधीकरणमा ध्यान केन्द्रित गरेका छन् । सोभियत गणतन्त्रको भग्नावशेषबाट बाहिर आएपछि रुसले फेरि एकपटक ठूलो शक्तिशाली बन्ने सम्भावना व्यक्त गरेको छ । जनताले आफूलाई साथ दिए रसियालाई फेरि एक पटक महान् देश बनाउने उद्घोष पुटिनको छ । तर, क्राइमियामाथि कब्जा र छिमेकी देशहरू विरुद्ध युद्ध छेड्दा पुटिनको छवि मात्र धमिलिएको छ ।

पुटिनको नीतिका कारण छिमेकी राष्ट्रहरू रुससँग डराएका छन् भने विश्व जगतमा पुटिनको झुटो र अविश्वसनीय छवि सिर्जना भएको छ । हाल, मस्कोले २०१६ को अमेरिकी राष्ट्रपति चुनावमा रूसले हस्तक्षेप गरेको र डोनाल्ड ट्रम्पलाई जितेको बाइडेन प्रशासनको विश्वासलाई झूटो बनाउन खोजिरहेको छ । बाइडेनको नेतृत्वमा चीनसँग लडिरहेको अमेरिकाले रुससँगको सम्बन्ध सुधार्न कुनै प्रयास नगरेको तथ्य हो । यस्तो अवस्थामा भारतलाई अलि अप्ठ्यारो छ तर, नरेन्द्र मोदीको नेतृत्वमा आफ्नो स्वार्थलाई ध्यानमा राखेर निर्णय लिइरहेको छ ।

*अमर उज्यालाबाट*

# कालीगण्डकी वारिपारी एकीकृत विकास गरिने

सुशीला रेग्मी/मध्यान्ह
रामपुर, १२ पुस

गण्डकी प्रदेशसभा सदस्य विष्णु लामिछानेले कालीगण्डकी वारिपारीको क्षेत्र समेटेर एकिकृत विकास गर्ने योजना रहेको बताएका छन्। शालिग्राम पाइने पवित्र धार्मिक तथा पर्यटकिय नदी कालीगण्डकीको वारिपारीका उर्वर विकाशशील क्षेत्रलाई समेटेर काम गरियो भने विकासले फड्को मार्ने प्रदेश सभा सदस्य लामिछानेले बताए।



नवप्रतीभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले संस्थाको २४ औं वार्षिक साधारण सभाको अवसरमा नवलपुरको बौदिकाली गाउपालिकामा भएको कार्यक्रमको उद्घाटन गर्नुहुदै प्रदेश सभा सदस्य लामिछानेले कालिगण्डकी सेरोफेरोलाई समेटेर क्याम्पस संचालन गर्ने विषयमा छलफल भएको बताए।

नवप्रतीभा नाम अनुसारकै नमुना रहेको बताउँदै यसले गरेका हरेक काम नमुनायोग्य रहेको उनले बताए। गण्डकी प्रदेश सरकारले एक व्यक्ति एक सहकारी ऐन बनाएको र आफु प्रदेशको सहकारी विद्यान ऐन समिति सभापति भएर काम गरेको पनि उनको भनाइ छ।

उनले भने, 'आफ्नो गाउँ ठाउ बनाउन जसले जहाँबाट सकिन्छ त्यही सहयोग गरेर काम गर्यो भने गाउमा विकास हुनेछ, आफुले गाउको विकास र नागरिकको सेवामा सधैं लागि परेर काम गर्नेछु।'

गण्डकी प्रदेश सरकारले खानेपानी क्षेत्रमा प्राथमिकता दिएको र अहिले विद्युतिकरणको काम अघि बढेको हुँदा अबको ६ महिनाभित्र सबैका घर घरमा विद्युत सुविधा पुर्याउने लक्ष्यका साथ प्रदेश सरकार लागेको उनले बताए।

कार्यक्रममा नवलपुर उद्योग संघका केवी रानाले सरकारी तवरबाट गर्नुपर्ने कार्यक्रम यस संस्थाले गरेको देख्दा अत्यन्तै खुशी लागेको बताए। सहकारीको माध्यमबाट नै नागरिकको जीवनस्तर उकासिने हुँदा अहिले जसरी आफ्ना कार्यक्रम गरिरहेको भन्दै त्यसरी नै निरन्तर रुपमा अगाडि बढ्न रानाले सुझाव दिए। बौदिकाली गाउँपालिका वडा नं २ का वडा अध्यक्ष बालप्रसाद ठाडा, शिक्षासेवी श्यामसुन्दर श्रेष्ठ, समाजसेवी होमनाथ भट्टराई लगायतले मन्तव्य राख्दै कार्यक्रम सफलताको कामना गरेका छन्।

कार्यक्रमका अवसरमा उत्कृष्ट सेयर सदस्य, वचतकर्ता, उत्कृष्ट केन्द्रलाई सम्मान गरिएको छ। कार्यक्रममा प्रमुख अतिथि, बिशिष्ठ अतिथि, अतिथिहरुलाई मायाको चिनो प्रदान गरिएको छ। संस्थाले विपन्न विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ।

संस्थाका अध्यक्ष चन्द्रमणी खरेलले अध्यक्षको वार्षिक प्रतीवेदन पेश गर्नुभएको कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी निर्देशक रामप्रसाद काफ्लेले स्वागत गर्दै संस्था स्थापना देखि हालसम्मका गतिविधि जानकारी गराएका थिए।

कार्यकारी निर्देशक काफ्लेले ग्रामिण अर्थतन्त्र कसरी बढाउने भन्ने मनसायले कार्यक्रम अगाडि बढाएको बताउँदै वार्षिक प्रतीवेदन पढेर सुनाएका थिए।

बरिष्ठ प्रबन्धक बिमला पाठकले संचालन गरेको कार्यक्रममा रमाइलो साँस्कृतिक कार्यक्रम देखाइएको थियो। कार्यक्रम संस्थाका अध्यक्ष चन्द्रमणि खरेलको अध्यक्षतामा भएको हो।

संस्थाले सेयर सदस्यलाई सहज बनाउन चरणबद्ध रुपमा पायक पर्ने स्थानमा साधारण सभा कार्यक्रम आयोजना गरेको छ।

## नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको **बि. एण्ड बिन्दु कन्स्ट्रक्सन प्रा. लि.** (प्रा.लि. नं. १७२८९१/०७४/७५) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने ब्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/१२/०६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रिशेश्वर कन्स्ट्रक्सन प्रा.लि.** कायम गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## साइप्रसमा रोजगार

१. कम्पनी: E&L GENERAL SERVICES LTD. शहर : PAPHOS

पूर्व स्वीकृत मिति: २०७८/०९/०८ चलानी नं.: ६०१७११२५ LT. No.: 248993

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 3 | 3 | सम्बन्धित काममा दक्ष | 450 | ६०,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bakery Labour | 2 | 0 | | 700 | ९४,८७१ | | | | | | | |
| 3. | Cook | 6 | 0 | | 900 | १,२१,९७७ | | | | | | | |
| 4. | Domestic Worker | 0 | 6 | | 315 | ४२,६९१ | | | | | | | |

२. कम्पनी: V. VARNAVA EMPLOYMENT AGENCY LTD. शहर :DERYNEIA

पूर्व स्वीकृत मिति: २०७८/०९/०८ चलानी नं.: ६०१७११२६ LT. No.: 248992

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 5 | 5 | सम्बन्धित काममा दक्ष | 450 | ६०,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Domestic Worker | 0 | 10 | | 315 | ४२,६९१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पुस २० गते (4 January 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

